अनुसूची - २

(बुँदा ४.१सँग सम्बन्धित आवेदनको ढाँचा)

# महाशिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बालाकोट, पर्वत गण्डकी प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७८/०७/१५)

यस गाउँपालिकाको लागि मिति २०७८।०७।१४ गतेको निर्णय अनुसार तपशिलको पदमा रहने गरी देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | विज्ञापनको किसिम | आवश्यक संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१।०७८।०७९ | इन्जिनियर (छैठौं) | खुला (सेवा करार ) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा वी.इ. वा सो सरह उत्तीर्ण |

**<u>शैक्षिक योग्यता र अनुभव:</u>**

१. नेपाली नागरिक हुनु पर्ने ।

२. अनुभवको हकमा BE उतीर्ण गरी सम्बद्ध कार्यमा कार्य अनुभव भएकोलाइ प्राथमिकता दिइनेछ ।

३. २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

४. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

६. सेवा सुविधा: गा पा को नियमानुसार वा करार सम्झौतामा उल्लेख भए बमोजिम ।

७. पाठ्यक्रम: लोकसेवा आयोगले स्थानीयतहको प्राविधिक तर्फ सिभिल इन्जिनियर समूहको पदमा प्रतियोतगतात्मक परीक्षाको लागि निर्माण गरेको ।

८. परीक्षाको किसिम: लिखित तथा अन्तरवार्ता र परीक्षा हुने मितिको लागि अर्को सूचना प्रकाशित गरिनेछ ।

**<u>दरखास्तमा संलग्न गर्नुपर्ने:</u>** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि ३ प्रति पासपोर्ट साइज फोटो संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने । अनलाइन आवेदन दिनुहने उमेद्वारहरुले यस गा पा को राष्ट्रिय वाणिज्य बैंक लुखुदेउराली पर्वतमा रहेको आन्तरिक राजश्व खाता ग १ १ महाशिला गापा ३३००१००३०१०१०००२ मा दस्तुर जम्मा गरि भौचर संलग्नका साथ गा पा को इमेल mahashilagapa@gmail.com पेश गर्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै करवाही हुने छैन । आवेदनको ढाँचा लगायत अन्य जानकारी यस कार्यालयको Website. www.mahashilamun.gov.np मा उपलब्ध हुने छ । साथै पदपुर्ती सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालय सँग रहने छ ।

२०७८/०७/१५

भेषराज शर्मा

प्रमुख प्रशासकीय अधिकृत